# थारु मुक्त कमलरी बालिकाहरुको विद्यालय शिक्षामा पहुँच

हरिबहादुर थापा
उपप्राध्यापक
सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत
त्रिभुवन विश्वविद्यालय
harithapa8099@gmail.com

प्राप्त मिति: १८ जुलाई २०२६
स्वीकृति मिति: १३ सेप्टेम्बर २०२६
प्रकाशित मिति: अक्टोबर २०२६

**लेखसार**

*विद्यालय शिक्षा प्रदान गर्ने एउटा औपचारिक तथा संगठित संस्था हो । विद्यालयको संख्यामा वृद्धि भएपनि उत्पिडित, उपेक्षित सम्पूर्ण वर्गको विद्यालय शिक्षामा पहुँच हुन नसकेको अवस्थामा सामाजिक, आर्थिक, शैक्षिक दृष्टिकोणबाट पिछडिएका वर्गको पहिचान गरि विशेष कार्यक्रम मार्फत राष्ट्रिय विकासको मूलधारमा समाहित गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन कमलरी बालिकाको शैक्षिक अवस्थामा केन्द्रित भएकोले कमलरी बालिकाहरुको शैक्षिक अवस्था पत्ता लगाउने, समस्या पहिचान गर्ने र निराकरणका उपायहरु सुझाउने यसको मुख्य उद्देश्य रहेको छ । कमलरी बालिका आफ्नो कक्षामा नियमित उपस्थित नहुनु, परीक्षामा राम्रो अंक नल्याउनु, बढी बालिका विचैमा कक्षा छाड्नु नै तिनीहरुको शैक्षिक पहुँचमा न्यूनताको प्रमुख कारण देखिन्छ । यस बाहेक गरिबी, निरक्षर अभिभावक, विद्यालय समयपछि घरायसी कामकाज गर्नुपर्ने, नकारात्मक शैक्षिक दृष्टिकोण, रुढीवादी सामाजिक र साँस्कृतिक परिवेश, राज्य पक्षले गरेका बेवास्ता कमलरी बालिकाका प्रमुख शैक्षिक समस्याहरु हुन् ।*

*कमलरी बालिकाको शैक्षिक सुधार गर्न विद्यालय प्रशासनले स्वयम् कमलरी बालिकाबाटै आचार संहिता निर्माण गर्न लगाई कक्षामा नियमित उपस्थिति हुनुपर्ने, विद्यालय समयपछि घरमा बस्दा आफ्नो गृहकार्य पुरा गर्नुपर्ने क्रियाकलापमा जोड दिनुपर्दछ । अभिभावकको आर्थिक सुधार गर्न विभिन्न संघसंस्था र सरकारले संयुक्त रुपमा आर्थिक सुधार कार्यक्रम ल्याउनु पर्दछ ।*

**मुख्य शब्दावली** : *औपचारिक, शैक्षिक, नियमित, क्रियाकलाप, उपस्थित,*

## परिचय

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक राष्ट्र हो । यहाँ विभिन्न जातजाति तथा आदिवासी जनजाति परापूर्व कालदेखि आफ्नो भाषा संस्कृति, धर्म, कला, लिपि, परम्पराको अनुशरण गर्दै आइरहेका छन् । आफ्नो अस्तित्व र पहिचान झल्काउने आफ्नै भाषा, संस्कृति, परम्परा र धर्मको संरक्षण र सम्वर्द्धन गर्न लागि रहेका छन् । थारु जाति नेपालको आदिवासी जनजातिमध्ये एक प्रमुख जाति हो । यो जातिको सामाजिक आर्थिक र शैक्षिक स्थिति

कमजोर रहेको छ । अन्धविश्वास, परम्परागत चालचलन र अशिक्षाको कारणले पछि परेका थारु जातिको विकासका लागि सबै पक्षको ध्यान जानु जरुरी छ । यसै सान्दर्भिकतालाई ध्यान दिएर बर्दिया जिल्लामा बस्दै आएका थारु जाति र उनीहरुका कमलरी बालिकाहरुको विद्यालय शिक्षामा सहभागिता विषयमा अध्ययन गरिएको थियो । यो लेख त्यही अध्ययनको संक्षिप्त रुप हो ।

विगतमा थारु समुदायमा विद्यमान गरिबी अशिक्षाको कारणले आफ्ना नाबालक छोराछोरीलाई कमलरीको रुपमा सम्भ्रान्तका घरमा पठाउने कामलाई सामान्य रुपमा लिइन्थ्यो । समय वित्दै जाँदा यसले प्रथाकै रुप लियो । हरेक वर्ष थारु समुदायमा मनाइने माघीका अवसरमा आफ्ना छोराछोरीलाई कमलरीका रुपमा सम्भ्रान्त जमिनदारका घरमा घरायसी मजदुरका रुपमा पठाउने प्रचलन भयो । थारु समुदायको अति महत्वपूर्ण मान्ने चाड माघीसँग कमलरी राख्ने कुरा जोड्नुले पनि यसले प्रथाको रुपमा ग्रहण गरेको देखिन्छ । पछिल्लो चरणमा मानव अधिकारको व्यापक बहस र समाजमा शिक्षाको स्तर बढ्दै जाँदा यसको उन्मूलन तर्फ पाइला चालियो र कमलरी राख्ने प्रथालाई विगतमा प्रथाको रुपमा लिने गरिए पनि यस्ता क्रियाकलापबाट मानव अधिकार (विशेष गरी महिला तथा बालअधिकार) को व्यापक उल्लङ्घन हुने गरेको पाइएको यसलाई प्रथाको रुपमा नहेरी कुप्रथाको रुपमा व्याख्या गर्न थालिएको छ ।

कमलरीहरु जोखिममा रहेका महिला तथा बालिका पनि हुन् । जोखिममा परेका र मानव अधिकारको हनन्बाट पिडित वर्ग वा समूहलाई जोखिमबाट मुक्त गराउनु जति कठिन छ, त्यो भन्दा बढी कठिन तिनीहरुलाई पुनः पिडित हुनबाट बचाउनुमा छ । कमलरी मुक्त गर्ने अभियान आफैँमा एउटा उपलविध हो भने उनीहरुको पुनःस्थापना गर्नु भनेको उपलविधको रक्षा हो । रक्षाविना उपलब्धिको औचित्य नहुने हुँदा कमलरी मुक्तिलाई जति प्राथमिकता दिन्छ त्यो भन्दा बढी प्राथमिकता उनीहरुको पुनःस्थापनामा दिनु जरुरी छ । एउटा कमलरी एक घण्टाको प्रयासमा मुक्त हुनसक्छ

शिक्षा व्यक्ति, समाज तथा राष्ट्र विकासको एउटा साधन हो । जसले व्यक्ति, समाजलाई समय सापेक्ष बनाइ जिवन निर्वाहको लागि सक्षम बनाँउछ । शिक्षाले मानव विकासमा सहयोग प्रदान गर्दछ जुन एउटा गतिशिल र निरन्तर चलिरहने प्रक्रिया हो । नेपालको पश्चिमी क्षेत्रका जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बसोबास गरी आएका थारु समुदायका विपन्न परिवारले ७-८ वर्ष देखिका अत्यन्त कलिला बालबालिकालाई माघी सङ्क्रान्ति (थारु जातिले मनाउने माघी पर्व) मा जिल्लाका कथित साहु महाजन र शहरीयाको घरमा नोकर बस्नको लागि पठाइने घरेलु श्रमिक बालिकालाई कमलरी भन्ने गरेको पाइन्छ । बच्चा हेर्नका लागि (लरकोरह्या), घरको हेरचाह गर्नका लागि तथा खेतीपातीमा सहयोग गर्ने बालिकालाई कमलरी भनिन्छ ।

निश्चित पारिश्रमिक दिई एक वर्षका लागि घरेलु कामका लागि थारु जातिका बालिकालाई लैजाने चलनलाई कमलरी भनिन्छ ।

शिक्षाको इतिहासलाई केलाउँदा परापूर्वकालदेखि नै शिक्षामा सम्भ्रान्त वर्गको आधिपत्य रहँदै आएको छ । विश्व सेरोफेरोमा नै उपनिवेशवादको विरोध, दासत्वको विरोध विद्यालयीकरणको विरोध, औपचारिक शिक्षा प्रणालीको विरोध भएबाट सबैलाई शिक्षा दिने भन्ने धारणामा शैक्षिक समान अवसरको नारा अघि बढेको हो । सैद्धान्तिक रुपमा भन्दा यो धारणा आफैमा नराम्रो होइन तर पनि व्यवहारमा समानता नदेखिने अझै पनि विभिन्न कारणले गर्दा तल्ला वर्गहरुलाई झुक्याउन र अझै पनि सम्भ्रान्त वर्गकै बोलवाला शिक्षामा कायम गर्न यो नाराको प्रतिपादन भएको हो भन्ने विचार अभिव्यक्त भएको पाइन्छ । प्रसिद्ध समाजशास्त्री तथा शिक्षाविद ओटावेका विचारमा "शिक्षाको अवसर भनेको प्राथमिक शिक्षालाई अनिवार्य, निःशुल्क बनाउनु होइन, माध्यमिक तहको शिक्षालाई विस्तार गर्नु मात्र होइन र उच्च शिक्षालाई सस्तो पारी सबै व्यक्तिको पहुँचको बनाउनु पनि होइन । यस्तो भएमा समाजका उच्च वर्ग तथा टाठाबाठाले अवसर प्राप्त गर्नु हो (कोइराला र श्रेष्ठ, २०७७) ।

तसर्थ शिक्षा शास्त्रीका भनाइले के स्पष्ट हुन्छ भने शिक्षा उच्च वर्गका लागि होइन कि शोषित, पिडित जातजाति, वर्ग समुदायका लागि हुनुपर्दछ । देश नेपालको नयाँ मुलुक भनिने दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी ५ जिल्लामा रहेको कमलरी प्रथा एउटा कुसँस्कारको रुपमा जरो गाडेको छ । अधिकांश निम्न स्तरका थारु अभिभावकका बालिका अर्काका घरमा गाई वस्तु, भेडा बाखा बालबालिका तथा घरयासी काममा सहयोग गरिदिने भनेर प्राथमिक उमेरका तथा विद्यालय पढ्ने उमेरका बालिका शोषित भई आफ्नो जिवनयापन गर्न बाध्य भएको पाइन्छ । शोषित पिडितका लागि सम्बन्धित ऐन कानून बनाइए पनि "सबैका लागि शिक्षा" टड्कारो रुपमा व्यवहारमा लागू हुन नसक्ने एउटा मुख्य कारकको रुपमा देखिन्छ ।

आदिवासी जनजातिको सिमान्तकृत समूहमा पर्ने थारु जाति नेपालका भूमिपूत्र हुन । अति सोझो, इमान्दार, मेहनती र परिश्रमी थारु जाति सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछि परेका छन् । सबैका लागि शिक्षा कार्यक्रम र प्राथमिक शिक्षा निःशुल्क एवम् अनिवार्य कमलरी बालिकाहरुलाई छुन नसक्नु ठुलो बिडम्बना हो । यसै तथ्यलाई ध्यान दिएर शैक्षिक योजनाकार, पाठ्यक्रम विद् अनुसन्धानकर्ता र शैक्षिक नीति निर्माता लगायत शिक्षासँग सरोकार राख्ने व्यक्ति तथा संघ संस्थालाई बुझ्न, महसुस गर्न, पहल गर्न र कार्यान्वयन गर्न सहयोग पुग्ने छ भन्ने अपेक्षाका साथ यो अध्ययन प्रस्तुत गरिएको हो ।

## उद्देश्य

यस अध्ययनको उद्देश्य थारु मुक्त कमलरी बालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति पत्ता लगाउने, उनीहरुको शैक्षिक समस्याहरु केलाउने, उनीहरुको विद्यालय शिक्षामा सहभागिता कम हुने कारणहरु खोज्ने र विद्यालय शिक्षमा पहुँच बढाउन अपनाइनु पर्ने कदमहरु उल्लेख गर्ने रहेको छ ।

## साहित्यको पुनरावलोकन

सामाजशास्त्री इमाइल दुर्खिमले सामाजिक परिवर्तनको मुख्य आधार शिक्षा मानेका छन् । समाज अनुसार शिक्षाको स्वरुप फरक रहन्छ । सामाजिक परिवर्तन अनुसार शिक्षामा परिवर्तन गर्नुपर्दछ । शिक्षामा समाजको प्रभाव कम हुना साथ त्यसको मूल्यमा पनि कमी आउँदछ । समाजशास्त्री जर्ज पेनेकाअनुसार सामाजिक आवश्यकता, चाहना र व्यवहारले नै मानिसलाई परिवर्तनशील बनाउन सक्दछ । शिक्षाको विकासका लागि समाज महत्वपूर्ण आधार हो । पाउलो फ्रेरेका अनुसार शिक्षा समाजका टाठाँबाठाँका लागि होइन, उत्पीडितका लागि हुनुपर्दछ । शिक्षाले समुदायका उपेक्षित र उत्पीडितको वकालत गर्नुपर्दछ । राष्ट्रको विकासको लागि त्यस राष्ट्रमा बसोबास गर्ने सबै जातजाति र समुदायलाई शिक्षाको पहुँच पुग्नु पर्दछ । समाजले शैक्षिक पक्षघातको समस्या भोग्नु पर्दछ । त्यसैले उत्पीडित जातिका मुक्तिका लागि शिक्षा एक सशक्त माध्यम बन्नु पर्दछ ।

आदिवासी जनजाति सम्बन्धी पुस्तक तथा सन्दर्भ, बुलेटिन, आइ.एल.ओ.१६९, घोषणा पत्र, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नियमावली (२०६२), आदिवासी जनजाति महासंघको विधान, जातीय संघ संगठनका विधान र परिचय पुस्तिका, थारु जातिसम्बन्धी शोधपत्र यस अध्ययनका सन्दर्भ सामाग्रीहरु रहेका छन् ।

## अध्ययन विधि

यस अध्ययनको लागि प्राथमिक र द्धितिय स्रोत प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनको जनसंख्या छनोट विधि प्रयोग गरिएको थियो । यस अध्ययनको क्षेत्र बर्दिया जिल्ला बढैयाताल गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयहरुमा केन्द्रित रहेको थियो । यो अध्ययन विशेषगरी थारु मुक्त कमलरी बालिकाहरुमा सिमित रहेको थियो ।

## व्याख्या र विश्लेषण

यस अध्ययनका लागि व्याख्या र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### थारु कमलरी बालिकाहरुको विद्यालय शिक्षामा पहुँचको अवस्था

भूमिपुत्र र प्रकृतिप्रेमी थारु जातिको आफ्नै परम्परागत रुपले खेती गर्नु उनीहरुको जीवन शैली हो । तराईका समथर भूमिलाई आफ्नो कर्म भूमि ठान्ने थारु औलो र मलेरियाको प्रकोपसँग

समायोजन गर्दै जैगल फाँडेर बस्ती योग्य जमिन बसाल्ने थारुहरु अन्य जातिको बसाइसराइपछि भूमिहीन र कमैयामा परिनत हुन पुगे । दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर थारु जातिको बाहुल्य भएका जिल्ला हुन् । तीमध्ये बर्दिया जिल्ला थारुको बढी जनसंख्या भएको जिल्ला हो ।

थारु जातिले मनाउने पवित्र माघे सङक्रान्ती पर्वका दिन बालिकाका अभिभावक र जमिनदार साहु महाजनका बीच अघोषित, अलिखित वा अनौपचारिक सम्झौताका आधारमा कलिका थारु बालिकालाई घरको हेरचाह गर्न, बच्चाबच्ची हेर्न, खाना पकाउन, कपडा धुन, खेतिपाती सघाउनका लागि पठाइने घरेलु श्रमिक बालिकालाई कमलरी भनिन्छ । यस कार्यमा मध्यस्थता गर्न दलाल समेत सक्रिय रहेको पाइन्छ । माघी पर्व थारुहरुको नयाँ वर्ष र पवित्र दिन परेकोले कमलरी राख्दा विश्वासका आधारमा लेनदेन गरेको बताइन्छ । निश्चित पारिश्रमिक दिई एक वर्षका लागि घरेलु काममा लगाउन थारु बालिकालाई लैजाने चलनलाई कमलरी भनिन्छ ( मुक्त आवाज, एक्सन नेपाल २०७५) । थारु जातिमा भएको कुप्रथा, कुसंस्कार आर्थिक समस्याको कारणले थारु बालिकालाई निश्चित शर्त र बन्देजमा पैसाको सौदाबाजी गरेर, ज्याला दिने प्रलोभन देखाएर, ऋणको प्याज बापत, अधिया जग्गा लगाए बापत, पढाइ दिने आश्वासनमा, जागिर दिने आशामा, मीठो खाने र राम्रो लगाउने प्रलोभनमा पारेर, जमिनदार साहु र अभिभावक बीच लिखित मौखिक सम्झौता भइ निश्चित समयावधिका लागि घर बाहिर काममा पठाइन्छ भने उक्त थारु बालिकालाई कमलरी भनिन्छ (एफ.एन.सी., २०६४) ।

कमलरी बसेकी बालिकालाई मालिकको घरबाट छुटाउन अर्को माघी पर्खनू पर्ने हुन्छ । एक वर्षका लागि ढुक्क हुने हुँदा थारु बालिकालाई कमलरी राख्न व्यापारी, साहु महाजन, कर्मचारी, शिक्षक राजनितिक दलका नेता कार्यकर्ता लालायित हुने गरेको पाइन्छ । जमिनदारको अधिया खेती गर्न पाउनका लागि पनि थारुले बालिकालाई कमलरी दिनुपर्ने बाध्यता छ । गाउँ छिमेकका ठुलावडा र गन्यमान्यले भनेको टार्न नसकेर वा दवावमा परेर पनि आफ्ना छोरीहरुलाई कमलरी पठाउने स्थिती देखिन्छ । कतिपय थारु महिलाहरुले अर्काको घरमा टि.भी. हेर्न पाइने, मिठो खान र राम्रो लगाउन पाइन्छ ।

कमलरी प्रथा नेपालको पश्चिम तराइका पाँच जिल्ला कैलाली १९९४, कञ्चनपुरमा ३९३, बाँकेमा २८९, बर्दियामा १७४१ र दाङमा ५०२ जनाको संख्यामा कमलरी रहेको पाइएको छ ।

बर्दिया जिल्लाको शैक्षिक सत्र २०८२ मा २ मावि, २ आधारभूत र ५ प्राविलाई अध्ययनमा समेटिएको छ । कालिकामा सबैभन्दा बढी थारु मुक्त कमैया र कमलरी भएको हो । थारु विद्यार्थी भर्ना, थारु कमलरी विद्यार्थी भर्ना, कक्षा छोड्ने कमलरी विद्यार्थी र परिक्षामा उत्तीर्ण कमलरी विद्यार्थीहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

| कक्षा | जम्मा विद्यार्थी भर्ना सङ्ख्या | | | थारु विद्यार्थी भर्ना सङ्ख्या | | | थारु कमलरी विद्यार्थी भर्ना सङ्ख्या | | | कक्षा छाड्ने कमलरी विद्यार्थी सङ्ख्या | | | परिक्षामा उत्तीर्ण कमलरी विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ९१ | १४२ | ११५ | ६८ | ९१ | १५९ | - | - | - | - | - | - | - | - | - |
| २ | १३१ | १३५ | २३६ | १०५ | ९६ | २०१ | १० | ६ | १६ | ५ | २ | ७ | ४ | ४ | ८ |
| ३ | १५४ | १५३ | ३०७ | १०५ | १२१ | २२६ | ८ | १ | ९ | २ | - | २ | ६ | १ | ७ |
| ४ | ११२ | ११८ | २३० | ८६ | ८५ | १७१ | ६ | १ | ७ | ४ | १ | ५ | १ | - | १ |
| ५ | ७९ | ११६ | ११३ | ७१ | ७७ | १४८ | ८ | - | ८ | ४ | - | ४ | ३ | - | ३ |
| ६ | २२९ | २०० | ४२९ | १२५ | १२७ | २५२ | १ | - | १ | - | - | - | १ | - | १ |
| ७ | १४४ | १४५ | २८९ | ७६ | ८६ | १६२ | २ | १ | ३ | १ | - | १ | १ | १ | २ |
| ८ | १३७ | ११७ | २५४ | ७२ | ६३ | १३२ | २ | - | २ | १ | - | १ | १ | - | १ |
| ९ | ७० | ९३ | १६६ | ४७ | ६० | १०७ | - | - | - | - | - | - | - | - | - |
| १० | ३९ | ६७ | १०६ | २० | ३६ | ५६ | - | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०८३

यसबाट के देखिन्छ भने थारु कमलरीहरु कक्षा छाड्ने र परिक्षामा सहभागी नै नहुने अवस्थामा छन् । आधारभूत विद्यालय र माध्यमिक विद्यालयको शिक्षामा एकदम न्यून सहभागी भएको देखिन्छ । माथिल्लो तहमा पढ्दै जादा थारु बालबालिकाको विद्यालय छाड्नेदर बढ्दै गएको देखिन्छ । कक्षा १ मा ५५% को हाराहारीमा रहेका थारु विद्यार्थीहरुको संख्या बढ्दो कक्षासँगै कक्षा १० मा घट्दै जादा २२-२५% मा खुम्चिन पुगेको छ । शुल्क तिरेर पढ्ने स्थिति छैन । बधुवा मजदुरको रुपमा कमलरी जीवन बिताउन बाध्य भएका छन् ।

थारु कमलरी बालिकाहरुको भर्ना स्थिति हेर्दा कम्तीमा ०.२३% र बढीमा ८.०५% देखिन्छ । बर्दियाको कालिकामा मात्र २६.६७% भन्दा बढी थारु जनसंख्या देखिन्छ । यहाँका गरिव, कमैया थारुका बालबालिका अर्काको घर, होटेलमा कमलरी बसेको पाइन्छ । प्रा.वि. तहमा पढ्ने २५% थारु बालबालिका कमलरी बसेको विभिन्न रेकर्डले देखाउछ । एफ.एन.सी. (२०६४) को रेकर्ड अनुसार कालिका गाविसमा ९९ कमलरीको घरधुरी संख्यामा ११७ जना कमलरी छन्, जुन कमलरीको संख्या कूल परिवार संख्याको १६.२३ प्रतिशत हुन आउँछ । बर्दियामा कार्यरत विभिन्न संघसंस्था थारु महिला उत्थान केन्द्र, वेश, आर.आर.एन. तथा राधा कृष्ण थारु संस्थाले थारु बालबालिकाहरुलाई विद्यालय शिक्षाका लागि किशोरी शिक्षा, अनौपचारिक शिक्षा, चेली शिक्षा तथा बालशिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालयमा भर्ना गरेका छन् ।

**थारु कमलरी बालिकाहरुको शैक्षिक समस्याहरु**

थारु कमलरी बालिकाको सम्बन्धमा काम गर्ने विभिन्न संघसंस्थाको रेकर्डबाट प्राप्त तथ्याङ्कको शैक्षिक समस्याहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**निरक्षर अभिभावक**

थारु अभिभावक र विद्यार्थीहरुमा निरक्षरताले अज्ञानता ल्याउछ । अज्ञानताले शैक्षिक दृष्टिकोणमा नकारात्मकता जन्माउँछ । जसको फलस्वरुप शिक्षामा वेवास्ता भई थारु कमलरी प्रथाले निरन्तरता पाएको छ । बालबालिकाहरुको शैक्षिक स्तर, शैक्षिक उपलब्धि तिनीहरुको

अभिभावकको शैक्षिक अवस्थाले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । अशिक्षित अभिभावकको छोराछोरीको तुलनामा एउटा शिक्षित अभिभावकको छोराछोरीको शैक्षिक स्थिति ज्यादै नै उच्च रहेको तथ्य विभिन्न अनुसन्धानले प्रमाणित गरिसकेको छ । निरक्षर अभिभावक नै कमलरी बालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने प्रमुख कारण हो । निरक्षरताले अज्ञानता ल्याउँछ । अज्ञानताले शैक्षिक दृष्टिकोणमा नकारात्मक असर पार्छ । यही न्यून शैक्षिक प्रभावले कमलरी बालिकाहरुको शैक्षिक अवस्था न्युन हुन गएको हो ।

**अभिभावकको परम्परागत पेशा**

थारु जातिको मुख्य पेशा कृषि हो, जसमा ८२.५० प्रतिशत संलग्न रहेका छन् । कृषि र मजदुरी गरी जीवनयापन गर्दछन् । कृषि गर्ने थारुहरुको आफ्नो नीजि जग्गा जमिन नभएको र अर्काको जग्गा जमिनमा खेती गर्ने भएकोले अधिया खेतीको कारण छोरीहरुलाई कमलरी बसाल्ने गरेको पाइन्छ ।

**विद्यालयको शुलभता**

थारु समुदाय वा मुक्त कमैयाको बस्तीमा विद्यालय स्थापना नभएको र आफ्नो घरबाट विद्यालय पुग्न हिड्नु पर्ने स्थिती छ । यसले गर्दा थारु बालबालिकालाई विद्यालयबाट विमुख हुनुपर्ने स्थिति देखिन्छ ।

**विद्यालयको व्यवहार**

विद्यालयमा अन्य जातका शिक्षक विद्यार्थीको असमान व्यवहार र विभेदकारी व्यवहारले कमलरी विद्यार्थीको विद्यालयमा सहभागिता हुन सकेको देखिन्न । शिक्षकको भेदभाव पूर्ण व्यवहारको कारण कमलरी बालिका विद्यालयबाट बञ्चित रहेका छन् । शिक्षकले विद्यार्थीप्रति गरेको व्यवहारले विद्यार्थीमा मनोवैज्ञानिक असर पर्न जान्छ तिनिहरुले शिक्षकबाट आफुप्रति राम्रो तथा समान व्यहार चाहन्छ । विद्यार्थीप्रति प्रेम भावनाको व्यवहार भएमा विद्यार्थीहरुमा विद्यालय आउने र पढाईमा रुची लिने गर्दछन । शिक्षा विभागबाट भएको अध्ययन अनुसन्धानले समेत शिक्षकको भेदभावको कारण बालबालिका विद्यालय पुग्नबाट बञ्चित रहेको जनाएको छ ।

**मातृ भाषामा शिक्षा**

थारु जातिको आफ्नै मातृभाषा छ । थारु बालबालिकाहरुले विद्यालयमा नेपाली भाषा दोस्रो भाषाको रुपमा बोल्न र लेख्न गाह्रो महशुस गर्दछन् । जसले गर्दा पढाइमा सहजता हुदैन र धेरैले विद्यालय छाड्न बाध्य हुन्छ ।

**घरको कार्यमा व्यस्तता**

थारु कमलरी बालिका काम गर्नका लागि जमिनदार, साहु महाजन, व्यापारी, राजनीतिक नेता वा कार्यकर्ताको घरमा जाने हुँदा उनीहरुलाई साँझ, विहान र दिउँसो काम मै जोतिनु पर्ने

हुन्छ । विद्यालयमा जाने, पढ्ने, खेल्ने र गृहकार्य गर्ने समय नै पाउदैन । जसले गर्दा कमलरी बालिकाहरु शिक्षाबाट बञ्चित गराइएका छन् ।

**गरिबी तथा भूमिहीन**

अधिकांश थारुहरु गरिवीको दुश्चक्रमा जेलिएका छन् । काम नगर्ने हो भने खाना पुग्दैन । पढ्नु भन्दा पहिले खानाको निम्ति अरुको घरमा काम गर्न जान बाध्य हुनुपर्दछ । खेती गर्ने थारुको आफ्नो खेती छैन । अरुको खेत अधिया लगाइ जीवन गुर्जान बाध्य छन् । यस्तो परिस्थितिमा बाँचेका थारुका बालबालिकाका लागि विद्यालयको शिक्षा धेरै परेको कुरा हो ।

**अव्यावहारिक तथा विभेदकारी शिक्षा**

थारु जातिको परम्परागत कृषि पेशासँग सम्बन्धित व्यावहारिक शिक्षाप्रति बेवस्ता गरेको पाइन्छ । पढेर सीप विकास गर्नुको सट्टा बेरोजगार पैदा गर्नाले शिक्षाप्रति चासो बढेको देखिदैन । शिक्षाले हुने खानालाई पक्ष पोषण गरेको र समाजमा बिखण्डन सिर्जना गरेको देख्दा उनीहरु विद्यालय शिक्षाबाट टाढिदै गएको अवस्था छ ।

**कमलरी बालिकाहरुको विद्यालय समयपछिको क्रियाकलाप**

यस अध्ययनका सिलसिलामा यस अध्ययन क्षेत्रका अभिभावक, शिक्षक, विद्यार्थी, बुद्धिजिवी, समाजसेवी, बडघर, गाउँका अगुवा थारु हकहितका लागि कार्यरत विभिन्न संघसंस्थाका साथै थारु कल्याणकारिणी सभासँग अन्तरक्रिया गर्दा यो प्रमुख समस्या पनि हो भन्ने स्पष्ट उल्लेख गरेको पाइयो । बालबालिकाका लागि दिउँसो स्कुल जाने समय भएको र विहान बेलुकी घरमा गृहकार्य गर्ने र पढ्ने समय मानिन्छ । शिक्षण सिकाई क्रियाकलापमा खेलले सकारात्मक प्रभाव पर्दछ । बालबालिका खेल खेल्नाले सामाजिक गुणको विकास, शारिरीक विकास हुन्छ । जसले शिक्षण सिकाईमा प्रत्यक्ष र परोक्ष रुपमा सकारात्मक प्रभाव पार्दछ तर कमलरी बालिका अधिकांश आमाबाबुलाई काममा सहयोग गरेको पाइन्छ । विद्यालयमा नियमित रुपमा उपस्थिति भएको पाइदैन । अभिभावकले आफ्नो बालबालिकालाई साहु, महाजन, व्यापारी, शिक्षक, कर्मचारी र राजनैतिक पार्टीका व्यक्तिका घरमा काम गर्न सहयोगी (कमलरी) का रुपमा रहेको छ । जसले गर्दा उनीहरु साहु, महाजनका इच्छा अनुसार विद्यालयमा उपस्थिति हुने र नियमित रुपमा कक्षा अनुपस्थितिका कारण शिक्षाप्रति सकारात्मक सोचको विकास भएको पाइँदैन । यसरी खेतीपातीमा लागेका बालबालिका काममा बढी व्यस्तताका कारण शिक्षामा व्यापारी, नोकरी गर्नेका बालबालिका भन्दा पछि परेको विभिन्न अध्ययन अनुसन्धानले प्रष्ट पारेको देखिन्छ । खेतीमा बढी श्रमिकको आवश्यकता महसुस गरिन्छ ।

उपरोक्त कारणहरुले गर्दा थारु कमलरी बालबालिका विद्यालय शिक्षाबाट बञ्चित हुनु परेको छ । यी बाहेक चेतनाको कमी, परम्परागत सोच र शैली, सामाजिक तथा सांस्कृतिक कारण,

वालश्रम, जातिय भेदभाव, गरिबी, असमान व्यवहार थारु कमलरी बालबालिकाको शिक्षामा पहुँच हुन नसक्नुको कारणहरु हुन् ।

**थारु कमलरी बालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच बढाउने उपायहरु**

शैक्षिक समस्यालाई सामाधान गर्न सक्नु नै वास्तवमा थारु मुक्त कमलरी बालिकालाई शिक्षामा पहुँच बढाउने उपायहरु हुन सक्दछन् । यस्ता उपायहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

- थारु कमलरी बालिकाहरुका अभिभावकलाई सहुलियत कार्यक्रम सञ्चालन गरिनु पर्ने,
- थारु अभिभावक जागरण अभियान विस्तार गरिनु पर्ने,
- बालश्रम प्रतिबन्द गरिनुपर्ने,
- थारु कमलरी छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने,
- शिक्षामा सुनिश्चित र रोजगारीमा आरक्षण लागू गरिनुपर्ने,
- थारु जातिको परम्परागत संस्कार र रीतिरिवाजमा समयानुकूल सुधार गरिनु पर्ने,
- थारु कमलरी विद्यार्थीहरुलाई राज्यबाटै विशेष सुविधा र अवसरको व्यवस्था गरिनु पर्ने,
- थारु जातिको पुर्ख्यौली पेसालाई आधुनिकीकरण गर्दै जानु पर्ने,
- थारु बालबालिकालाई मातृभाषामा शिक्षा आर्जन गर्ने वातावरण सहज बनाउन पहल गरिनु पर्ने,
- विद्यालय विकास र व्यवस्थापनमा थारु समुदायलाई सहभागिता बढाउन अभिप्रेरणा गर्नुपर्ने,
- स्थानीय स्तरमा उत्पादन भएका थारु जनशक्तिलाई प्राथमिकता र प्रोत्साहन गरिनु पर्ने,
- विद्यालय नै परिवर्तनको थलोको रुपमा स्थापित हुनुपर्ने,
- सामाजिक संरचनामा आमुल परिवर्तन गरिनु पर्ने,
- थारु जातिको सीप र आवश्यकता सम्बोधन गर्ने खालका कार्यक्रमहरु स्थानिय तथा राष्ट्रिय स्तरबाटै सञ्चालन गरिनु पर्ने,

## निष्कर्ष

प्राप्त नतिजाबाट अध्ययनकर्ताद्वारा निम्नलिखित निष्कर्ष निकालिएको छ । सानो क्षेत्रलाई आधारमानी गरिएकाले यी निष्कर्ष समग्र राष्ट्रिय परिवेशलाई प्रतिनिधित्व नगर्न सक्छन् । यद्यपि शैक्षिक विकासका लागि विशेष मार्गदर्शक पनि हुन सक्दछ । कमलरी बालिकाका सम्बन्धमा गरिएको यस अध्ययनबाट निस्किएका निष्कर्ष कतिपय अवस्थामा आधुनिकवादले भनेझैं राष्ट्रिय रुपमा नै प्रतिनिधित्व गर्ने हुन सक्दछन् भने कतिपय विषय उत्तर आधुनिकवादको मूल्यमान्यता अनुसार राष्ट्रिय रुपमा भएका अनुसन्धानभन्दा फरक पनि हुन सक्दछन् । आदिवासी जनजातिका बालबालिकालाई कामदार वर्गका रुपमा हेरिने हाम्रो सामाजिक संस्कारका कारण विपन्न वर्गका

लागि शिक्षामा पहुँच न्यून छ भनी यो वर्गका बालिकालाई विद्यालयमा सहभागी गराउन प्रमुख भूमिका खेलिएको छैन जुन कुरा राष्ट्रको लागि चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछि परेको समुदाय हरेक क्षेत्रमा पछि पर्दा रहेछन् । त्यसमा पनि आर्थिक स्थिति कमजोरीका कारण हरेक क्षेत्रमा पछि पर्ने हुँदा थारु जाति अन्य जातिको तुलनामा पछि रहेको छ । कमलरी बालिकाहरुको अभिभावकको आर्थिक स्थिति एकदमै नाजुक अवस्था रहेको पाइन्छ । वास्तवमा शैक्षिक र सामाजिक स्तरको मेरुदण्ड नै आर्थिक स्थिति हो । कमलरी वर्गको मुख्य पेशा खेतीपाती हो । जसमा श्रमशक्तिको अधिक जरुरत परिरहन्छ । स्कुलमा पढ्ने केटाकेटीहरुलाई पनि घरको घाँस दाउरादेखि खेतीपातीमा समेत लगाउने गरेको पाइन्छ । जसले गर्दा विद्यार्थीहरुको पढाइ लेखाइमा नकारात्मक असर परिरहेको हुन्छ । कमलरी बालिका घरमा र विद्यालयमा राम्रो मार्गदर्शन पाउँदैनन् । कुनै कारणवश अनुत्तीर्ण हुने वित्तिकै विद्यालय जानबाट वञ्चित हुन्छन् । छोराछोरी अनुत्तीर्ण भएमा के कारणले फेल भयो, के कस्तो कमजोरी रहन गयो र सुधार गरी पढाइमा पुनः जोड दिने चलनको कमी छ । यसले गर्दा कतिपय राम्रो कमलरी विद्यार्थी पनि शिक्षाको अवसरबाट बञ्चित हुन पुगेको छन् ।

## सन्दर्भ सूची

*कमैया श्रम* (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (२०५८) काठमाडौं : बौद्धिक दर्पण प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०७७), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

चौधरी, राजु (२०७५), *थारु कमलरी बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

चौधरी, बुद्धिराम (२०६५), *प्राथमिक तहमा थारु मुक्त कमैयाका बालबालिकाहरुको सहभागिता,* सुर्खेत क्याम्पस (शिक्षा), अप्रकाशित शोधपत्र ।

दहित, गोपाल (२०६२), *थारु संस्कृतिको सङ्क्षिप्त परिचय,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।

मुक्त, पाइला (२००६, २००७), एक्सन एड नेपाल, काठमाण्डौं ।

Friends of Needy children FNC-2074, House Hold wise Kamalari survey Report of Bardiya.